सोलुदुधकुण्ड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु

प.सं २०७४/२०७५ | नं. १ प्रदेश नेपाल
च.नं ४१६८ | मिति २०७५/०२/२५

## प्रेस-बिज्ञप्ति

आज मिति २०७५-०२-२५ गते यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७४।७५ को बजेट, नीति तथा कार्यक्रम सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरियो । कार्यक्रममा नगर प्रमुख सहित निर्वाचित पदाधिकारिहरु, नागरिक समाज, पत्रकार, राजनीतिक दलका प्रतिनिधि, सर्वसाधारणको उपस्थितिमा नगरपालिकालाई निम्न मुख्य बिषयमा स्पष्ट पार्न एवं विभिन्न बिषयमा सुझाव दिइएको थियो ।

### नगरपालिकालाई दिइएका सुझाबहरु :

१) नगरपालिकास्तरमा गुणस्तरीय शिक्षा संचालन गर्न कार्य योजना बनाई काम गर्नु पर्ने ।

२) बिद्यालयमा शिक्षकहरु बारम्बार अनुपस्थित हुदाँ बिद्यार्थीको पठन पाठनमा गम्भीर असर परेकोले नगरपालिकाबाट नियमन हुनुपर्ने ।

३) नगरपालिकाले आन्तरिक राजस्व वृद्धि योजना बनाएर काम गर्नु पर्ने ।

४) विकासमा जनसहभगितालाई प्रभावकारी बनाउन वडातहमा अभिमुखीकरण सञ्चालन गर्नुपर्ने ।

५) नयाँ ट्रयाक र सडकको स्तर वृद्धिको कार्य भई रहेकोले वातावरण तथा विपद् व्यवस्थापनका दृष्टिले अनुकुल विकासमा जोड दिनुपर्ने ।

६) नगरपालिका क्षेत्रमा पर्यटनको अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजना बनाएर काम गर्नुपर्ने ।

७) वडाको प्रशासनिक खर्चलाई पारदर्शी र प्रभावकारी बनाउन वडा कार्यलयले नेतृत्व लिने र नगरपालिकाले अनुगमन गर्ने ।

८) भूकम्प प्रभावित परिवारले हाल सम्म दोस्रो किस्ता पाउन नसकेको एवं मापदण्ड अनुसार घर निर्माण नहुँदा सेवा सुविधा प्राप्त गर्न कठिनाई भएकोले नगरपालिकाले पहल गर्नुपर्ने ।

९) नगरपालिकाले जैविक खेती युक्त नगरपालिकाको रुपमा नगरपालिकालाई विकास गर्न पकेट, ब्लक, जोन र सुपर-जोनको अवधारणामा संघ र प्रदेश सरकारसंग मिलेर काम गर्नु पर्ने ।

### स्पष्ट पारेका बिषय :

१) नगरपालिकाले जनशक्ति करारमा लिदाँ व्यक्तिगत प्रभावमा परेर गरेको भन्ने सन्दर्भमा नगर कार्यपालिकाबाट जनशक्ति करारमा लिने सम्वन्धी कार्यविधि पारित गरी सोही आधारमा गरिएकाले त्यस्तो व्यक्तिगत प्रभावमा पर्ने सम्भावना नरहेको स्पष्ट पारियो ।

२) नगरपालिकाबाट भर्खरै पारित पूर्वाधार सम्वन्धी ऐनले तोकेको मापदण्डको आधारमा स-साना कित्ता कायम रहेको जग्गामा भवन बनाउन कठिन भएकोले मापदण्ड परिवर्तन गर्नुपर्ने सुझाव आएकोमा संघीय तथा प्रदेश स्तरका सडकको क्षेत्राधिकार र मापदण्ड सोही निकायबाट संशोधन हुने र त्यस्ता मापदण्ड संशोधनको लागि तत् तत् निकायमा लेखी पठाउनु पर्ने । सडकको क्षेत्राधिकार बाहेकको जग्गामा छोड्नु पर्ने फासल(Set Back) र खुलास्थान मात्र नगरपालिकाले तोक्ने जानकारी गराइएको ।

३) प्रतिवर्ष कम्तिमा २०० रोजगारी सृजना गर्ने बिषयको प्रगति बारे प्रश्न उठान भएकोमा ५० लाखसम्म योजनाहरु उपभोक्ता समिति मार्फत गर्ने रणनीति अवलम्बन गरिएको, जसको एक मात्र उद्देश्य रोजगारी सिर्जना भएको यस्तै गार्मा मा.वि र

४) सोलुखुम्बु वहुमुखी क्याम्पससँग प्राविधिक शिक्षा सञ्चालन गर्न सहकार्य गरिएको प्रयासले समेत स्थानीय स्तरमा रोजगारी सिर्जना हुने जानकारी गराइएको थियो ।

५) सोलु जिल्ला अस्पतालले उपलब्ध गराउनु पर्ने नि:शुल्क औषधीको गुनासोको सन्दर्भमा अस्पताल विकास समितिसंग बसेर छलफल गरी उक्त समस्यालाई समाधान गर्ने एवं नि:शुल्क औषधीका लागि विभिन्न निकायहरुसंग सहकार्य गर्ने ।

(दापासा शेर्पा)
सूचना अधिकारी एवं स[illegible] प्रवक्ता

सूचना अधिकारी